# खरिदार साप्ताहिक अभ्यास परीक्षा प्रथम पत्र

रा.प.अनं. द्वितीय वा खरिदार सरह

Date: 2026/06/18

**1. पृथ्वीको वायुमण्डलमा यात्रा गर्दा आकाशीय पिण्डले उत्पादन गर्ने उज्यालो धारलाई के भनिन्छ ?**

A. तारपुच्छे
B. उल्का
C. नेबुला
D. धूमकेतु पथ

**Correct Answer: B**



Explanation:

★ जानी राखौं है साथी हो!

GET IT ON Google Play

➤पृथ्वीको वायुमण्डलमा यात्रा गर्दा आकाशीय पिण्डहरुबाट उत्पन्न हुने उज्यालो प्रवाहलाई उल्का भनिन्छ, यो पृथ्वीको वायुमण्डलमा प्रवेश गर्दा ब्रह्माण्डीय मलबेको घर्षण र दहनको कारणले हुन्छ,

➤यसलाई सर्वसाधारण बोलीचालीको भाषामा "खस्दो तारा" वा "टुट्दो तारा" (Shooting Star) पनि भनिन्छ,


➤उल्कापिण्ड (Meteorite): यदि यो पृथ्वीको वायुमण्डलमा पुरै नजली पृथ्वीको सतहसम्म आइपुग्छ भने त्यसलाई उल्कापिण्ड भनिन्छ,

---

**2. हालसम्म अन्तर्राष्ट्रिय खगोलीय संघ (International Astronomical Union) द्वारा आधिकारिक रूपमा कतिवटा आधुनिक र पुरातन तारा मण्डल अभिलेख गरिएको छ? [बाग्मती प्रदेश पाँचौ तह, २०८१/०२/१२]**

A. ४४
B. ७२
C. ८८
D. १०५

**Correct Answer: C**




Explanation:

LOKSEWA with Ghoksewa
GET IT ON Google Play

LOKSEWA with Ghoksewa

★ जानी राखौं:

➥अन्तर्राष्ट्रिय खगोलीय संघ (International Astronomical Union) ले कुल ८८ तारामंडलहरूलाई आधिकारिक रूपमा मान्यता दिएको,

➥यी ८८ तारामंडलहरूमा दुवै आधुनिक नक्षत्रहरू र पुरातन परम्पराहरूबाट व्युत्पन्न भएका नक्षत्रहरू समावेश,

➥अन्तर्राष्ट्रिय खगोलीय संघ (International Astronomical Union) ले सन् १९२२ मा खगोलीय उद्देश्यका लागि प्रयोग हुने तारामंडलहरूको मानकीकृत सेट सिर्जना गर्न यो सूची स्थापना गरेको,

➥ 42 depict animals, 29 depict inanimate objects and 17 depict humans or mythological characters

---

**3. कोशी नदीको सबैभन्दा पश्चिममा रहेको सहायक नदी कुन हो?**
**[नेपाल विद्युत प्राधिकरण पाँचौ तह, २०८३/०२/२३]**

A. इन्द्रावती
B. सुनकोशी
C. तामाकोशी
D. लिखु

**Correct Answer: A**

Explanation:

★ सप्तकोशी नदीका सातवटा सहायक नदीहरूलाई पश्चिमदेखि पूर्वको क्रममा राख्दा यस प्रकार हुन्छ:

१.) इन्द्रावती (सबैभन्दा पश्चिममा)

२.) सुनकोशी

३.) तामाकोशी

४.) लिखु

५.) दूधकोशी

६.) अरुणत

७.) मोर (सबैभन्दा पूर्वमा)

---

GET IT ON Google Play

4. समूह I र II मा जोडा मिलाउनुहोस् र कोडबाट सही उत्तर छान्नुहोस्।
[शाखा अधिकृत, २०७६/१०/२५]

A. a-4, b-2, c-3, d-1
B. a-2, b-3, c-1, d-4
C. a-1, b-4, c-2, d-3
D. a-3, b-1, c-4, d-2


**Correct Answer: D**

---

5. चीन र भारत बीच निर्धारण गरिएको सीमारेखालाई के भनी चिनिन्छ ?
[मा.वि. शिक्षक २०७९]

A. रेडक्लिफ रेखा (Radcliffe Line)
B. मैकमोहन रेखा (McMahon Line)
C. ड्युरान्ड रेखा (Durand Line)
D. हिन्डेनबर्ग रेखा (Hindenburg Line)

**Correct Answer: B**




Explanation:

LOKSEWA
with Ghoksewa

★ विश्वका विभिन्न राष्ट्रहरूबीच निर्धारण गरिएका प्रमुख र ऐतिहासिक सीमारेखाहरू:

➤रेडक्लिफ रेखा (Radcliffe Line): भारत र पाकिस्तान

➤ड्युरान्ड रेखा (Durand Line): पाकिस्तान र अफगानिस्तान

➤३८औँ समानान्तर रेखा (38th Parallel): उत्तर कोरिया र दक्षिण कोरिया

➤४९औँ समानान्तर रेखा (49th Parallel): संयुक्त राज्य अमेरिका (USA) र क्यानडा

➤हिन्डेनबर्ग रेखा (Hindenburg Line): जर्मनी र पोल्याण्ड

➤म्याजिनोट रेखा (Maginot Line): फ्रान्स र जर्मनी

➤१७औँ समानान्तर रेखा (17th Parallel): उत्तर भियतनाम र दक्षिण भियतनाम

---

**6. समग्र एशियाली राजमार्गको लम्बाइ कति रहेको छ?**
**[ना.सु. समावेशी, २०६९]**

A. 1,41,000 कि.मि.
B. 1,47,400 कि.मि.
C. 1,53,070 कि.मि.
D. 1,56,020 कि.मि.

**Correct Answer: A**

LOKSEWA
with Ghoksewa

Explanation:

★ एशियाली राजमार्ग (Asian Highway Network - AH):

➤समग्र एशियाली राजमार्ग (Asian Highway Network) को कुल लम्बाइ लगभग १,४१,००० किलोमिटर रहेको,

➤एशियाली राजमार्गले एसियाका ३२ वटा मुलुकहरूलाई सडक सञ्जालमार्फत आपसमा जोड्दछ,

➤जापानको टोकियोबाट सुरु भई टर्की र बुल्गेरियाको सीमा (युरोपको ढोका) सम्म पुग्छ,

➤नेपालभित्रको कुल लम्बाइ: लगभग १,३२४ किलोमिटर

➤नेपाल पर्ने रुटहरू: AH2 (पूर्व-पश्चिम खण्ड) र AH42 (उत्तर-दक्षिण खण्ड)

---

GET IT ON
Google Play

**7. समूह I र II समूह बीच जोडा मिलाई कोडबाट सही उत्तर छान्नुहोस्। [शाखा _अधिकृत, २०८०/ ३ /१६]**

A. a-2, b-1, c-4, d-3
B. a-3,b-2,c-1,d-4
C. a-2,b-4,c-3,d-1
D. a-3,b-1,c-2,d-4

**Correct Answer: D**

---

**8. विश्वको पहिलो छापाखाना कसले स्थापना गरेका थिए?**
**[नायब सुब्बा, २०८०/०५/०२]**

A. जोहानेस गुटेनबर्ग
B. थोमस एडिसन
C. निकोला टेसला
D. एलेक्ज़ेंडर ग्राहम बेल

**Correct Answer: A**

Explanation:

➤विश्वको पहिलो आधुनिक छापाखाना (Printing Press) जर्मनीका वैज्ञानिक तथा स्वर्णकार जोहानेस गुटेनबर्ग (Johannes Gutenberg) ले स्थापना गरेका,

➤गुटेनबर्गले आफ्नो छापाखानाबाट छापेको पहिलो प्रसिद्ध पुस्तक 'गुटेनबर्ग बाइबल' (Gutenberg Bible) हो, जुन सन् १४५५ मा प्रकाशित भएको,

★ केहि अविस्कारक र केहि प्रमुखह आविस्कारहरु (विकल्पबाट) :

➥थोमस एडिसन - तापदीपक प्रकाश बल्ब, फोनोग्राफ, मोशन पिक्चर क्यामेरा

➥निकोला टेसला - प्रत्यावर्ती धारा, टेस्ला कॉइल, निऑन लैंप, इंडक्शन मोटर, टेस्ला टर्बाइन, आवर्धक ट्रांसमीटर र रेडियो नियंत्रित डिवाइस

➥एलेक्ज़ेंडर ग्राहम बेल - टेलीफोन, ग्रामोफोन

---

GET IT ON Google Play

9. **निम्नमध्ये कुन यद्धलाई मानव इतिहासमा सबैभन्दा ठूलो र घातक द्वन्द्व मानिन्छ?**

A. प्रथम विश्वयुद्ध
B. कोरियाली युद्ध
C. दोस्रो विश्वयुद्ध
D. भियतनाम युद्ध

**Correct Answer: C**



Explanation:

➤मानव इतिहासमा दोस्रो विश्वयुद्ध (World War II) लाई अहिलेसम्मकै सबैभन्दा ठूलो, विनाशकारी र घातक द्वन्द्व मानिन्छ।

➤समयावधि: यो युद्ध सन् १९३९ देखि १९४५ सम्म (६ वर्ष) चलेको,

➤सहभागिता: यसमा विश्वका ३० भन्दा बढी देशका १०० मिलियन (१० करोड) भन्दा बढी सैनिकहरू प्रत्यक्ष रूपमा सहभागी,

➤मानवीय क्षति: युद्धका कारण अनुमानित ७० देखि ८५ मिलियन (७ देखि ८.५ करोड) मानिस (सैनिक र नागरिक दुवै) को मृत्यु भएको,

LOKSEWA
with Ghoksewa

➤आणविक हतियार: मानव इतिहासमा पहिलो र एक मात्र पटक युद्धमा आणविक हतियार (जापानको हिरोसिमा र नागासाकीमा आणविक बम प्रहार) को प्रयोग यसै युद्धमा भएको,

---

**10. काठमाडौं उपत्यकाको पानी आउने निकासको लागि चोभारको गल्छी कसले काटेका हुन् भन्ने गरिन्छ?**
**[खरिदार आ. प्र. २०८/०८/२६]**



A. भुवन सिंह
B. जितेदास्ती
C. सुपुष्पदेव
D. मञ्जुश्री

**Correct Answer: D**

Explanation:

➤काठमाडौं उपत्यकाको पानी बाहिर पठाउन चोभारको गल्छी (चट्टान) महामञ्जुश्रीले काटेका हुन् भन्ने

GET IT ON Google Play

धार्मिक तथा पौराणिक मान्यता रहेको छ।

➤चीनबाट आएका महामञ्जुश्रीले उपत्यकामा रहेको पानीलाई बाहिर निकाली बस्ती बसाल्न आफ्नो विशेष खड्ग (चन्द्रहास) प्रहार गरी चोभारको पहाड काटेका,

➤सोही गल्छीबाट पानी बाहिर बगेपछि अहिलेको बागमती नदीको निकास बनेको र उपत्यका मानव बस्न योग्य भएको विश्वास गरिन्छ,

---

## 11. सर्वप्रथम नेपालमा कुन वंशका राजाहरूले राज्य गरेका थिए? [ना.सु. खुला, २०६९]

A. गोपालवंश
B. सोमवंश
C. किराँतवंश
D. लिच्छवीवंश

**Correct Answer: A**

Explanation:

जानी राखौं है!

➤नेपालमा सर्वप्रथम गोपाल वंशका राजाहरूले राज्य गरेका,

➤गोपाल वंशका प्रथम राजा: राजा भुक्तानमान ('भूमिगुप्त' भनेर पनि चिनेने,)

➤गोपाल वंशका अन्तिम राजा: राजा यक्ष गुप्त

➤प्रशासानिक केन्द्र: मातातीर्थ

---

## 12. राणा शासनको अन्त्य भई नेपालमा प्रजातन्त्रको स्थापना भएपछि जारी भएको संविधानको नाम के थियो?

A. नेपालको अन्तरिम शासन विधान, २००७
B. नेपालको स्थायी शासन ऐन, २००७

LOKSEWA with Ghoksewa

C. नेपालको प्रजातान्त्रिक शासन विधान, २००७
D. नेपालको गणतन्त्र शासन अधिनियम २००७

**Correct Answer: A**

Explanation:

तथ्यपत्र: नेपालको अन्तरिम शासन विधान, २००७

➤जारी गर्ने पदाधिकारी: राजा त्रिभुवन (मन्त्रिपरिषद्को सल्लाह र सहमतिमा)

➤जारी भएको मिति: वि.सं. २००७ साल चैत्र २९ गतेदेखि लागू हुने गरी चैत्र १७ जारी गरिएको,

➤मुख्य उद्देश्य: जनताका प्रतिनिधिहरू सम्मिलित 'विधान परिषद्' (संविधान सभा) ले नयाँ संविधान निर्माण नगरेसम्म मुलुकको शासन व्यवस्था सञ्चालन गर्ने,

➤कार्यकारिणी अधिकार: राजा र मन्त्रिपरिषद्मा निहित; यस संविधानले पहिलो पटक संवैधानिक राजतन्त्रको आधार खडा गरेको,

➤राज्यका निर्देशक सिद्धान्त: नेपालको संवैधानिक इतिहासमा पहिलो पटक यसै संविधानमार्फत 'राज्यका निर्देशक सिद्धान्तहरू' (DPSP) समावेश गरिएको,

➤न्यायपालिका: मुलुकको सर्वोच्च न्यायिक निकायको रूपमा 'प्रधान न्यायालय' को व्यवस्था गरिएको,

➤संवैधानिक निकायहरू: पहिलो पटक लोक सेवा आयोग (Public Service Commission), निर्वाचन आयोग र महालेखा परीक्षक जस्ता निकायहरूलाई स्पष्ट संवैधानिक रूप दिइएको,

➤संसदको स्वरूप: सुरुमा राजा र मन्त्रिपरिषद् कार्यकारी रहे तापनि पछि संशोधनमार्फत 'सल्लाहकार सभा' (Advisory Assembly) को व्यवस्था गरिएको,

➤संशोधन: यो संविधान आफ्नो कार्यकालमा कुल ७ पटक संशोधन भएको,

➤विशेषता: यसले १०४ वर्ष लामो राणा प्रधानमन्त्रीहरूको हुकुमी शासनको अन्त्य गरी कानुनी राज्यको जग बसालेको,

---

**13. काभा (CAVA) महिला भलिबल च्याम्पियनसिप, २०२६ विजेता (प्रथम स्थान हासिल गर्ने) टोली कुन हो?**

GET IT ON Google Play

A. नेपाल
B. इरान
C. भारत
D. कजाकस्तान

**Correct Answer: B**




Explanation:

✓खेल सञ्चालन: वि.सं. २०८३ जेठ ८–१५ (सन् २०२६ मे २२–२९)

✓आयोजक राष्ट्र: नेपाल (नेपाल भलिबल संघको आयोजनामा)

✓आयोजना स्थल: राष्ट्रिय खेलकुद परिषद् (राखेप) कभर्डहल, त्रिपुरेश्वर, काठमाडौं

✓सहभागी राष्ट्र: ८ टोली (नेपाल, भारत, कीर्गिस्तान, माल्दिभ्स, इरान, कजाकस्तान, श्रीलंका र बंगलादेश)

✓प्रथम (विजेता): इरान

✓द्वितीय (उपविजेता): कजाकस्तान

✓तृतीय स्थान: भारत (नेपाललाई ३-१ ले पराजित गरेको)

✓चौथो स्थान: नेपाल (नेपालको कप्तानी: निरुता ठगुन्ना (उनको नेतृत्वमा नेपालले पहिलो पटक

GET IT ON Google Play

LOKSEWA with Ghoksewa

प्रतियोगिता खेलेको))

---

**14. तेस्रो कर्णाली अन्तर्राष्ट्रिय चलचित्र महोत्सव २०८३ मा सर्वाधिक अवार्ड जित्न सफल चलचित्र कुन हो?**

A. जेरी अन टप
B. ऊनको स्वीटर
C. ह्याप्पिनेस
D. प्रेम गीत २

**Correct Answer: B**

Explanation:

अवार्ड विजेता तथा विधा २०८३:

| | | |
|---|---|---|
| विधा | विजेता (व्यक्ति / चलचित्र) | कैफियत |
| उत्कृष्ट फिचर फिल्म | 'ऊनको स्वीटर' | सर्वाधिक अवार्ड जित्न सफल |
| उत्कृष्ट निर्देशक | नवीन चौहान | 'ऊनको स्वीटर' बाट |
| उत्कृष्ट अभिनेता | विपिन कार्की | 'ऊनको स्वीटर' बाट |
| उत्कृष्ट अभिनेत्री | जसिता गुरुङ | 'जेरी अन टप' बाट |
| सोसियल आइकन एक्टर अवार्ड | पल शाह | - |
| उत्कृष्ट सर्ट फिल्म | 'ह्याप्पिनेस' | फ्लाइङ फिदर फिल्म्स (मुगु) द्वारा निर्मित |

GET IT ON Google Play

| | | |
|---|---|---|
| कर्णाली एडिसन अवार्ड | राज बहादुर साने | - |
| कर्णाली भिजनरी अवार्ड | सन्तोष सेन | 'प्रेम गीत २' का निर्माता |

---

**15. सन् २०२६ अप्रिल १ मा नासा (NASA) ले चन्द्रमाको परिक्रमा गर्ने उद्देश्यका साथ अन्तरिक्षयात्रीसहित पठाएको ऐतिहासिक मिसनको नाम के हो?**

A. एपोलो-११
B. आर्टेमिस-२
C. ओरायन-३
D. लुना-२५

**Correct Answer: B**

Explanation:

➤सन् २०२६ अप्रिल १ मा फ्लोरिडास्थित केनेडी स्पेस सेन्टरबाट प्रक्षेपण गरिएको हो।

➤यस मिसनका चार जना यात्रीमध्ये क्रिस्टिना कोच चन्द्रमाको कक्षमा पुग्ने पहिलो महिला र भिक्टर ग्लोभर पहिलो अश्वेत अन्तरिक्षयात्री हुन्।

➤यात्रीहरूले चन्द्रमामा पाइला टेक्ने छैनन्। उनीहरूले यानमार्फत चन्द्रमाको नजिकबाट परिक्रमा गर्ने छन् र १० दिने यात्रापछि पृथ्वी फर्कने छन्।

➤५० वर्षपछिको यो पहिलो मानवसहितको चन्द्र–उडानद्वारा आगामी मिसन (आर्टेमिस–३) मार्फत मानिसलाई सुरक्षित रूपमा चन्द्रमामा उतार्नुअघि प्रविधिको परीक्षण गरिने जनाइएको छ।

---

**16. विदेशमा रहेका नेपालीको गुनासो सम्बोधन र उद्धार कार्यलाई सहज बनाउन परराष्ट्र मन्त्रालयले सञ्चालनमा ल्याएको मोबाइल एप कुन हो?**

A. नेपाल मित्र (Nepal Mitra)

GET IT ON Google Play

LOKSEWA with Ghoksewa

B. कन्सुलर मित्र (Consular Mitra)
C. मोफा मित्र (MoFA Mitra)
D. नागरिक मित्र (Nagarik Mitra)

**Correct Answer: C**




Explanation:

➤विकासकर्ता: कन्सुलर सेवा विभाग, परराष्ट्र मन्त्रालय, नेपाल सरकार

➤शुभारम्भ मिति: २०८३ जेठ १२ गते (२६ मे २०२६)

➤उद्घाटनकर्ता: परराष्ट्र मन्त्री शिशिर खनाल

➤उपलब्धता: एन्ड्रोइड (Android/Google Play Store) र आईओएस (iOS/App Store) दुवै प्लेटफर्ममा

➤उदेश्य: विदेशमा रहेका नेपाली नागरिकहरू र नेपाली नियोगहरूबीच सहज सम्पर्क, समन्वय तथा शीघ्र सूचना आदानप्रदान गराउने उदेश्यले विकसित; कन्सुलर सेवाहरूलाई थप सहज, नागरिकमैत्री, प्रभावकारी तथा प्रविधिमैत्री (डिजिटल) बनाउने र; आपतकालीन अवस्थामा छिटो र पारदर्शी रूपमा सरकारी सेवा प्रवाह गर्ने,

GET IT ON Google Play

17. (यो प्रश्न वि.सं. २०८३/सन् २०२६ अनुसार परिमार्जित गरिएको) निम्नमध्ये संयुक्त राष्ट्र संघको स्थायी सदस्य राष्ट्रहरु कुन कुन हुन्?
[मधेश प्रदेश चौथो तह, २०८०/०९/०७; मधेश प्रदेश सातौं तह, २०७९/०५/१८]

A. चीन, अमेरिका, रसिया, बेलायत र फ्रान्स
B. भारत, आयरल्याण्ड, केन्या, मेक्सिको र नर्वे
C. अल्बानिया, ब्राजिल, ग्याबोन, घाना र संयुक्त अरब इमिरेट्स
D. माथि उल्लेखित कुनैपनि हैन

Correct Answer: A




Explanation:

★संयुक्त राष्ट्र संघ (UN) को अस्थायी सदस्य राष्ट्रहरूको बारेमा पनि जानी राखौं:

➤कुल १० वटा अस्थायी सदस्य राष्ट्रहरू हुन्छन्,

➤यिनीहरूको कार्यकाल २ वर्षको हुन्छ र प्रत्येक वर्ष ५–५ वटा राष्ट्रहरू महासभाद्वारा निर्वाचित,

➤सन् २०२६ को अन्त्यसम्म कार्यकाल भएका राष्ट्रहरू (२०२५–२०२६): १. डेनमार्क (Denmark), २. ग्रीस (Greece), ३. पाकिस्तान (Pakistan), ४. पानामा (Panama), ५. सोमालिया (Somalia)

➤सन् २०२७ को अन्त्यसम्म कार्यकाल भएका राष्ट्रहरू (२०२६–२०२७): ६. बहराइन (Bahrain), ७. कोलम्बिया (Colombia), ८. कङ्गो प्रजातान्त्रिक गणतन्त्र (DR Congo), ९. लाटभिया (Latvia), १०. लाइबेरिया (Liberia)

---

**18. नेपालसँग दौत्य सम्बन्ध कायम गर्ने १७७ औं राष्ट्र कुन हो?**
**[मधेश प्रदेश चौथो तह, २०८०/०९/०४; मधेश प्रदेश सातौं तह, २०७९/०५/१८]**

A. मलावी गणतन्त्र
B. ट्रिनिडाड एण्ड टोबागो
C. क्यामरुन गणतन्त्र
D. नाउरु गणतन्त्र

**Correct Answer: B**



Explanation:

★ सम्बन्ध स्थापना गरिएको अन्तिम पाँच राष्ट्र २०२४ जुलाईसम्म :

LOKSEWA with Ghoksewa

✓ १७८ औँ: मलावी (फेब्रुअरी १६, २०२३)
✓ १७९ औँ: नाउरु (मे ४, २०२३)
✓ १८० औँ: गणतन्त्र क्यामरुन (जुन २२, २०२३)
✓ १८१ औँ:  मार्सल रिपब्लिक( जुन २३, २०२३)
✓ १८२ औँ: टोङ्गा (मार्च १, २०२४)
✓ १८३ औं: किरिबाटी (जुलाई १७, २०२४)

---

**19. इन्सुलिन कुन रोगसँग सम्बन्धित छ?**
**[गण्डकी चौथो, २०७८/१०/१८]**

A. रक्तचाप
B. क्यान्सर
C. ग्याष्ट्रिक
D. मधुमेह

**Correct Answer: D**

Explanation:
★इन्सुलिन र मधुमेह: छोटकरी तथ्यपत्र
➤सम्बन्धित रोग: मधुमेह (Diabetes mellitus)
➤उत्पादन हुने अङ्ग: प्यान्क्रियाज (Pancreas - अग्न्याशय)
➤मुख्य कार्य: रगतमा ग्लुकोजको मात्रा सन्तुलनमा राख्नु र ऊर्जामा बदल्नु,
➤असर (कमी भएमा): रगतमा सुगरको मात्रा अत्यधिक बढ्छ (Hyperglycemia), जसले गर्दा मिर्गौला, आँखा र मुटुमा असर पुग्छ,
➤उपचार: मधुमेह कडा भएमा बाहिरबाट कृत्रिम इन्सुलिनको सुई (Injection) दिनुपर्ने हुन्छ,

★अन्य हर्मोन, तत्व र तिनको कमीले लाग्ने सम्बन्धित रोगहरू:
➤थाइरोक्सिन हर्मोन (Thyroxine) ⇄ थाइराइड र गाँडब्याड (Goitre)
➤ग्रोथ हर्मोन (Growth Hormone) ⇄ पुड्कोपन वा भिमकायपन

GET IT ON Google Play

➤मेलाटोनिन र सेरोटोनिन (Melatonin) ⇄ अनिन्द्रा र डिप्रेसन

➤हेमोग्लोबिन र फलाम (Iron) ⇄ रक्तअल्पता (Anemia)

➤क्याल्सियम र भिटामिन 'डी' ⇄ अस्टियोपोरोसिस (हड्डी खिइने)

---

**20. "टेनिन" तत्व केमा पाइन्छ?**
**[नायब सुब्बा, २०७२; ने. कृषि, अ.प. पाँचों, लेखापाल, २०८०/०८/१७; शहिद गंगालाल रा. हु.के. पाँचौ, २०७९/०६/०३]**

A. सुर्ती
B. चिया
C. कफी
D. तुलसी

**Correct Answer: B**

Explanation:

★ जानी राखौं! (विकल्पहरुबाट)

➥सुर्ती - निकोटिन

➥कफी - क्याफिन

➥तुलसी - उल्टिमिन

---

**21. Anti-pyretics Therapy कुन रोगको उपचार को लागि प्रयोग गरिन्छ?**

A. ब्याक्टेरियाको संक्रमण
B. ज्वरो
C. मदुमेह
D. उच्च रक्तचाप

**Correct Answer: B**

Explanation:

★ जानी राखौं!

➤एन्टी-पाइरेटिक्स थेरापी (Anti-pyretics Therapy): शरीरको उच्च तापक्रम अर्थात् ज्वरो

➤एन्टी-बायोटिक थेरापी (Antibiotic Therapy): ब्याक्टेरियाको संक्रमण (Bacteria Infection) - (जस्तै: टाइफाइड, निमोनिया)

➤एनालाजेसिक थेरापी (Analgesic Therapy): टाउको दुख्ने, चोटपटक लाग्ने वा शल्यक्रिया (Surgery) पछिको दुखाइ कम गर्न (Pain Relief)

➤एन्टी-भाइरल थेरापी (Antiviral Therapy): भाइरसको संक्रमण (जस्तै: एचआईभी, हेपाटाइटिस, इन्फ्लुएन्जा) लाई नियन्त्रण गर्न

➤एन्टी-इन्फ्लेमेटरी थेरापी (Anti-inflammatory Therapy): बाथ रोग वा चोटपटकका कारण शरीरका अंगहरू सुन्निने, रातो हुने र दुख्ने समस्या कम गर्न

➤किमोथेरापी (Chemotherapy): क्यान्सर (Cancer) का कोषहरूलाई नष्ट गर्न वा तिनीहरूको अनियन्त्रित वृद्धिलाई रोक्न

➤एन्टी-हिस्टामिन थेरापी (Antihistamine Therapy): विभिन्न प्रकारका एलर्जी (Allergy), चिलाउने, र रुघाखोकीका लक्षणहरू कम गर्न

➤फिजियोथेरापी (Physiotherapy): पक्षघात (Paralysis), हड्डी वा मांसपेशीको चोटपटकपछि शारीरिक गतिशीलता र बल फर्काउन

➤साइकोथेरापी (Psychotherapy): डिप्रेसन, एन्जाइटी जस्ता मानसिक स्वास्थ्य समस्या र तनाव कम गर्न गरिने काउन्सिलिङ

➤रेडियोथेरापी (Radiotherapy): उच्च क्षमताको विकिरण (Radiation) प्रयोग गरेर क्यान्सरको ट्यूमर सुकाउन

---

**22. कलेजो, मासु, माछा आदिबाट कस्तो प्रकारको आइरन (Iron) प्राप्त हुन्छ?**

A. Non-Heme Iron
B. Heme-Iron
C. Supplemental/Medicinal Iron

D. माथि उल्लेखित कुनैपनि हैन

**Correct Answer: B**

---

**23. पहाड र पर्वतहरूको अध्ययन गर्ने विज्ञानलाई के भनिन्छ?**
**[कोशी, सहायक म.वि.नि. २०८०/०३/०९ ]**

A. Oenology
B. Orology
C. Ornithology
D. Osteology

**Correct Answer: B**

Explanation:

★ जानी राखौं! (विकल्पबाट:)

➤Oenology: यो वाइन (मदिरा) र वाइन बनाउने प्रक्रिया को वैज्ञानिक अध्ययन

➤Ornithology: यो चराचुरुङ्गीहरू (Birds) को वैज्ञानिक अध्ययन

➤Osteology: यो हड्डीहरू (Bones) को वैज्ञानिक अध्ययन

---

**24. तलका मध्ये कुन बेठिक छ ?**
**[लुम्बिनी म.वि.नि. २०८०/०१/३०]**

A. विज्ञान प्रविधिको विकासले मानवीय जीवनमा सहजता प्रदान गरेको छ।
B. विज्ञान प्रविधिले मानव जीवनमा सकारात्मक प्रभाव पारेको छ।
C. चिकित्सा क्षेत्रमा विकास भएको प्रविधिले रोग निदानमा सहयोग पुगेको छ।
D. विज्ञान प्रविधिको प्रयोग सँधै मानवीय हितमा भएको छ।

**Correct Answer: D**

Explanation:

दिएका विकल्पहरूमध्ये चौथो विकल्प बेठिक छ:

GET IT ON Google Play

❌ "विज्ञान प्रविधिको प्रयोग सँधै मानवीय हितमा भएको छ।"

कारण:

➤सकारात्मक प्रभावहरू: विज्ञान र प्रविधिले मानवीय जीवनलाई निकै सहज, सरल र सकारात्मक बनाएको कुरा सत्य हो (जस्तै: चिकित्सा क्षेत्रमा रोगको पहिचान र उपचार हुनु)।

➤नकारात्मक प्रभावहरू: तर यसको प्रयोग "सँधै" मानवीय हितमा मात्र भएको छैन। मानवले विज्ञानको दुरुपयोग गरेर विनाशकारी आणविक हतियार, प्रदूषण, साइबर अपराध र युद्धका सामग्रीहरू पनि निर्माण गरेको छ, जसले मानवतालाई नै संकटमा पारेको छ। त्यसैले प्रविधिको प्रयोग सँधै हितमा मात्र हुन्छ भन्नु गलत हो।

---

**25. नागरिक बडापत्र (Citizen Charter) को अवधारणा ल्याउने पहिलो मुलुक कुन हो? [शाखा अधिकृत, २०७२; लुम्बिनी, शिक्षा प्रा.स. २०८०/०१/१८]**

A. अमेरिका
B. फ्रान्स
C. चीन
D. बेलायत

**Correct Answer: D**

Explanation:

★नागरिक बडापत्र सम्बन्धी केही महत्त्वपूर्ण तथ्यहरू:

➤नागरिक बडापत्र (Citizen Charter) को अवधारणा ल्याउने विश्वकै पहिलो मुलुक बेलायत (संयुक्त अधिराज्य) हो।

➤सन् १९९१ जुलाई २२ मा बेलायतका तत्कालीन प्रधानमन्त्री जोन मेजरले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शी र उत्तरदायी बनाउने उद्देश्यका साथ विश्वमै पहिलो पटक यो अवधारणा आधिकारिक रूपमा लागू गरेका थिए।

➤नेपालमा सुरुवात: नेपालमा वि.सं. २०५६ (सन् १९९९) देखि "निमुखालाई न्याय, विपन्नलाई आय" कार्यक्रम मार्फत यसको प्रयोग सुरु भएको,

---

GET IT ON Google Play

**26. लोकतन्त्रको विशेषता कुन हो?**
**[खरिदार, आ.प्र. २०७९।८।२५]**

A. बालिग मताधिकार
B. विधिको शासन
C. मानव अधिकारको प्रत्याभूति
D. माथिका सबै

**Correct Answer: D**

---

**27. आर्थिक सर्वेक्षण २०८२/०८३ अनुसार चालु आर्थिक वर्षका लागि नेपालको औसत आर्थिक वृद्धिदर कति प्रतिशत रहने अनुमान गरिएको छ?**

A. ३.१ %
B. ४.४३ %
C. ३.८५ %
D. ५.१ %

**Correct Answer: C**

Explanation:

नेपालको आर्थिक वृद्धिदर (आ.व. २०८२/८३):

➤ कुल आर्थिक वृद्धिदर (प्रारम्भिक अनुमान): ३.८५ %

➤ गत आर्थिक वर्ष (२०८१/८२) को वृद्धिदर: ४.४३ %

➤ कृषि क्षेत्रको वृद्धिदर: १.५८ %

➤ गैर-कृषि क्षेत्रको वृद्धिदर: ४.५४ %

➤ प्राथमिक क्षेत्र (Primary Sector) को वृद्धिदर: १.६३ %

➤ द्वितीयक क्षेत्र (Secondary Sector) को वृद्धिदर: ५.७७ %

➤ सेवा क्षेत्र (Service Sector) को वृद्धिदर: ४.२१ %

➤ आधारभूत मूल्यमा आर्थिक वृद्धिदर: ३.६८ %

---

GET IT ON Google Play

LOKSEWA
with Ghoksewa

**28. आर्थिक सर्वेक्षण २०८२/०८३ अनुसार नेपालको उद्योग क्षेत्रमा भएको कुल लगानीमध्ये सबैभन्दा बढी हिस्सा (५५.१ प्रतिशत) कुन क्षेत्रका उद्योगको रहेको छ?**

A. उत्पादनमूलक उद्योग
B. ऊर्जामूलक उद्योग
C. सेवामूलक उद्योग
D. पर्यटन उद्योग

**Correct Answer: B**

Explanation:

**नेपालको उद्योग क्षेत्रमा लगानीको स्थिति (२०८२ फागुनसम्म)**

| लगानी भएको क्षेत्र | हिस्सा (प्रतिशतमा) | स्थिति |
|---|---|---|
| ऊर्जाभूलक उद्योग (Energy) | ५५.१ % | सबैभन्दा बढी |
| उत्पादनमूलक उद्योग (Manufacturing) | १९.५ % | दोस्रो स्थान |
| सेवामूलक उद्योग (Service) | ११.५ % | तेस्रो स्थान |
| पयिटन उद्योग (Tourism) | ९.७ % | चौथो स्थान |
| खनिज उद्योग (Mining) | ०.३ % | सबैभन्दा कम |

---

**29. छठ पर्व कहिले मनाइन्छ?**
**[मधेश प्रदेश शिक्षा प्रा स.: २०७९/१२/०५]**

A. जेष्ठ शुक्ल षष्ठीका दिन

GET IT ON Google Play

B. कार्तिक शुक्ल षष्ठीका दिन
C. वैशाख शुक्ल पक्ष पंचमीका दिन
D. असार त्रयोदशीका दिन

**Correct Answer: B**

Explanation:

★ जानी राखौं:

➡गुरु पुर्णिमा - असार शुक्ल पुर्णिमा

➡कृष्ण जन्म अष्टमी - भाद्र कृष्ण अष्टमी

➡ऋषि पंचमी - भाद्र शुक्ल पंचमी

➡मातातिर्थ औंशी - बैसाख कृष्ण औंसी

➡बुद्ध जयन्ती - बैसाख शुक्ल पुर्णिमा

➡छठ - कार्तिक शुक्ल पुष्ठी

➡महाशिवरात्रि - फाल्गुन कृष्ण चतुदशी

---

**30. कुन वेदमा संगीत विषय सम्बन्धि विस्तृत रुपमा उल्लेख भएको पाइन्छ? [मदेश प्रदेश पाँचौं तह, २०८०/०५/१६; मधेश प्रदेश पाँचौ तह, २०८०/०७/१६]**

A. ऋग्वेद
B. सामवेद
C. यजुर्वेद
D. अथर्ववेद

**Correct Answer: B**

Explanation:

★ चार वेदहरुमा के के समावेश छन् (जानी राखौं):

१. ऋग्वेद - यस वेदमा स्तुतिहरु समावेश छन् र विश्वव्यापी रूपमा प्रसिद्ध गायत्री मन्त्र (सावित्री) पनि यसै वेदमा समावेश छ।

LOKSEWA
with Ghoksewa

२. समवेद - यस वेदमा संगीत विषय सम्बन्धि तत्वहरु छन् जसले यसलाई संसारको सबैभन्दा पुरानो सांगीतिक व्यवस्था र संगीतमा सबैभन्दा पुरानो मानव साहित्यको रुपमा मनोनित गर्दछ।
३. यजुर्वेद - यो वेद हिन्दू पूजा र अनुष्ठानमा प्रयोग हुने संस्कृत मन्त्र र पदहरूको संग्रह हो।
४. अथर्ववेद - यो वेद दैनिक जीवनको लागि प्रक्रियाहरूको ज्ञान भण्डार हो। अथर्ववेदमा भूगोल, खगोल, वनस्पति विद्या, असंख्य जडीबुटी, आयुर्वेद, प्रजनन विज्ञान अर्थशास्त्र, युद्धशास्त्र, राजनीति, राष्ट्रियता लगायतका धेरै विषय यसमा अटाएका छन्।

---

**31. तल दिइएको नाम र ठेगानालाई फेरी छाप्दा केही गल्ती भए नभएको पत्ता लगाउनुहोस् र कति वटा गल्ती छन् खोज्नुहोस् ।**

| | |
|---|---|
| Original | Copy |
| Ratna Shova, | Ratn shova, |
| Ward no. 20 | ward no: 20 |
| Pulchowk, Lalitpur  | Pulchwk, Lalitpur |

**[प्रदेश/स्थानीय कृषि सेवा, २०८०-१०-२७]**

A. 6
B. 5
C. 4
D. 3

**Correct Answer: B**

Explanation:

Ratna = Ratn

Shova = shova

GET IT ON Google Play

Ward = ward

no. = no:

pulchowk = pulchwk

---

**32. तल शब्दहरुको चार विकल्प दिइएको छ। हरेक विकल्पमा सोही शब्दहरु रहेका भए तापनि शब्दहरुको क्रम भिन्न छ। एउटा मात्र विकल्पमा सबै शब्दहरु शुद्ध ढंगले लेखिएका छन्। उक्त सबै शब्दहरु शुद्ध भएको विकल्प कुन हो ? पत्ता लगाउनुहोस्।**
**[लोक सेवा आयोग, २०७९/११/३०]**

A. flaminge, flame, farm, false, flashcard
B. flashcart, flame, flamingo, false, farm
C. flame, flashcard, fasle, flamingo, farm
D. farm, flame, flashcard, false, flamingo

**Correct Answer: D**

---

**33. तल दिईएका मध्ये कुन चाहिँमा शब्दहरुको क्रम उपयुक्त छ ?**
**[शिक्षक सेवा आयोग नि.मा. वि, २०८०/०५/१८]**

A. पुष्कर, पुष्पक, पुष्कल, पुष्पराग
B. पुष्कर, पुष्कल, पुष्पक, पुष्पराग
C. पुष्पक, पुष्कल, पुष्कर, पुष्पराग
D. पुष्पक, पुष्कर, पुष्कल, पुष्पराग

**Correct Answer: B**

---

**34. तल प्रस्तुत शब्दलाई वर्णानुक्रमानुसार राख्दा सबैभन्दा सुरुमा कुन आउँछ ?**
**[शिक्षक सेवा आयोग मा.वि, २०७९/०३/१८]**

LOKSEWA with Ghoksewa

A. Native
B. Nascent
C. Nature
D. Narrate

**Correct Answer: D**

Explanation:

Narrate, Nascent, Native, Nature

वर्णानुक्रमानुसार राख्दा Narrate सुरुमा आउँछ।

---

**35. तल दिइएका सर्तहरुलाई ध्यानपूर्वक अध्ययन गर्नुहोस् र सही उत्तर दिनुहोस।**
**सर्तहरु: कोठा सजाउन F,G,H,J,K,L,M गरी सात कपडाहरु मध्ये तीनवटा कपडाको संयोजन छान्नुपर्छ।**
**I. यदि F वा G छनौट गरिएको छ भने अर्को पनि छनौट गर्नुपर्छ।**
**II. H र J सँगै छान्न सकिदैन।**
**III. H वा F वा दुबै छान्नुपर्छ।**
**[लोक सेवा आयोग, २०७९/११/३०]**

A. GHM
B. FKL
C. HKM
D. MJL

**Correct Answer: C**

---

**36. पाँच मित्रहरु K, I, M, N र 0 एक वृत्ताकार मेजको वरिपरि केन्द्रतर्फ मुख फर्काएर बसेका छन्। K को ठीक दायाँतर्फ N बसेको छ। M को टीक बायाँतर्फ 1 बसेको छ। M को दायाँतर्फको दोस्रो स्थानमा N बसेको छ। यस सन्दर्भमा 0 कहाँ बसेको छ ?**
**[लोक सेवा आयोग, २०७८/११/०९]**

GET IT ON Google Play

A. M को ठीक दायाँतर्फ
B. N र L को बीचमा
C. N र M को बीचमा
D. Lको दायातर्फ तेस्रो स्थानमा

**Correct Answer: B**

---

**37. एक बिहान सूर्योदय पछि विमल हिंड्न थाले। हिड्ने क्रममा उनले सुजनलाई भेटे जो विपरीत दिशाबाट आउदै थिए। विमलले सुजनको छायाँ उसको दाहिने तर्फ खसेको देखे भने विमल कुन तर्फ जादै थिए ?**
**[अनुसन्धान सहायक, २०७८/०६/०२]**

A. पुर्व
B. पश्चिम
C. उत्तर
D. दक्षिण

**Correct Answer: C**

---

**38. सुदीप आफ्नो घरबाट 3 कि.मी. पूर्वतिर गइ दक्षिणतिर फर्की 2 कि.मी. हिंडी फेरी पूर्व फर्केर 3 कि.मी. हिंडी उत्तर फर्केर 2 किमी हिँड्छन् भने उनी आफ्नो घरबाट कति दुरी टाढा हुन्छन् ?**
**[अनुसन्धान सहायक, २०८०/०७/२८]**

A. 6 कि.मी.
B. 4 कि.मी.
C. 7 कि.मी.
D. 5 कि.मी.

**Correct Answer: A**

---

**39. यदि "MATURE" लाई अंकमा 314652 भनी कोड गरिएमा YOUNG को कोड के**

LOKSEWA with Ghoksewa

**होला ? दिइएका विकल्पहरु मध्येबाट पत्ता लगाउनुहोस् ।**
**[शिक्षक सेवा आयोग, २०८०/०१/०८]**

A. 67809
B. 60987
C. 78096
D. 90687

**Correct Answer: D**

Explanation:

YOUNG को कोड मा तेस्रो अंक 6 हुनुपर्छ जुन विकल्प (A) मा मात्र छ ।

---

**40. यदि कुनै भाषामा "SCIENTIST" को कोड 19-3-9-5-14-20-9-19-20 हुन्छ भने "PROFESSOR" को कोड के हुन्छ ?**
**[प्रदेश/स्थानीय कृषि सेवा, २०८०/१०/२७]**

A. 16-18-15-6-5-19-15-18
B. 16-18-15-6-5-19-19-15-18
C. 16-18-20-6-5-19-20-21-18
D. 16-17-18-19-20-21-22


**Correct Answer: B**

---


**41. यस उल्लेखित प्रश्नको पहिलो लहरका चित्रहरूमा केहि समान विशेषता छन्। यस्तै विशेषता भएको एउटा चित्र दोस्रो लहरबाट राज्नुहोस्।**
**[खरिदार, नमुना प्रश्न]**

GET IT ON Google Play

## Question Figures



## Answer Figures:



A. A
B. B
C. C
D. D


Correct Answer: B

---


42. प्रश्न चित्रहरु को प्रश्न चिन्ह (?) भएको ठाउँलाई प्रतिस्थापन गर्ने उपयुक्त एक चित्र उत्तर चित्रहरुबाट रोज्नुहोस्।
[लोक सेवा आयोग, २०८०/०५/०२]

GET IT ON Google Play

## Question Figures



## Answer Figures:



A. B. C. D.

A. A
B. B
C. C
D. D

**Correct Answer: D**

Explanation:


Arrow सहितको लाईन 135° ACW घुम्छ र त्यसको arrow head reverse हुन्छ भने अर्को लाईनको कालो चित्र सेतो तथा सेतो चित्र कालो हुन्छ।

---

**43. तल दिइएको चित्रहरु मध्ये अन्य भन्दा फरक चित्र रोज्नुहोस्।**
**[खरिदार (खुल्ला), २०६९/०२/२२]**

LOKSEWA with Ghoksewa

LOKSEWA
with Ghoksewa



A. B. C. D.

A. A

B. B

C. C

D. D

**Correct Answer: D**


Explanation:

विकल्प (D) बाहेक अन्य सबैमा बाहिर र भित्र फरक फरक आकारका समान चित्रहरु रहेका छन्, जबकी (D) मा चाहिं बाहिर र भित्र फरक फरक चित्रहरु रहेका छन् ।

LOKSEWA
with Ghoksewa

---

**44. अरुभन्दा फरक चित्र कुन हो ?**
**[खरिदार, २०६९/०३/१५]**



A. B. C. D.

A. A

GET IT ON Google Play


LOKSEWA
with Ghoksewa

B. B
C. C
D. D


**Correct Answer: C**

---

**45. Identify the figure that completes the pattern.**
**[खरिदार समावेशी र खुल्ला २०७०]**



(X)




A. B. C. D.


A. A
B. B
C. C
D. D

**Correct Answer: C**


GET IT ON
Google Play



46. तलको अपूर्ण चित्रलाई कुन विकल्पले पूरा गर्दछ ?
[लोक सेवा आयोग, २०८०/०७/२८]



(X)



A. B. C. D.

A. A
B. B
C. C
D. D

**Correct Answer: A**

---

**47. तलका मध्ये कुन संख्याको 50 प्रतिशतबाट 50 घटाउँदा 50 नै बाँकी रहन्छ ? [शिक्षक सेवा आयोग नि.मा. वि, २०८०/०५/१८]**

A. 250
B. 300
C. 200
D. 350

**Correct Answer: C**

Explanation:

आवश्यक संख्या = x मानौं ।

प्रश्नानुसार,

$x * \frac{50}{100} - 50$

= 50

$x * \frac{1}{2}$

= 100

x = 200

---

**48. सत्ताइस वटा भेडाबाखा रहेको गोठमा आठवटा बाबाहरु रहेछन् भने त्यहाँ रहेका भेडाहरुको संख्या कति प्रतिशत हो ?**

GET IT ON Google Play

**[शिक्षक सेवा आयोग, २०८०/०१/०८]**

A. 70.47
B. 70.37
C. 29.70
D. 29.62

**Correct Answer: B**

Explanation:

भेडाको संख्या = (27-8) = 19

आवश्यक प्रतिशत =

$$\left(\frac{19}{27} * 100\right)$$

%

= 70.37%

---

**49. दिएको कोडसंग मिल्ने कोड पत्ता लगाउनुहोस् ?**
**ceGxtfC**

A. ecGxtfC
B. ceGxftC
C. cGextfC
D. ceGxtfC

**Correct Answer: D**

---

**50. तल दिइएको संख्याको क्रममा 7 को लगत्तै पछि 4 आउने अवस्था कति पटक हुन्छ ?**
**54789743875748741127457 94**

**[नायव सुब्बा, २०७१/०१/२६]**

A. 1
B. 2
C. 3
D. 4

**Correct Answer: D**

Explanation:

5 4 7 8 9 7 [4] 3 8 7 5 7 [4] 8 7 [4] 1 1 2 7 [4] 5 7 9 4

---

LOKSEWA with Ghoksewa

GET IT ON Google Play